कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा
बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम वित्तीय काम कारोवार गर्ने

# ARUN FINANCE LIMITED
# अरुण फाइनान्स लिमिटेड


(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था)
सुनसरी जिल्ला, धरान उप-महानगरपालिका, वार्ड नं. ६, सुनसरी, नेपाल ।
फोन नं ०२५–५३३९३० फ्याक्स नं. ०२५–५२४४५०
**इमेल:**arunfinanceltd@gmail.com वेभसाइट : www.arunfinance.com


## को
## "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

विद्यमान चुक्ता पूँजी रु. १५ करोड कित्ता बराबर प्रति शेयर रु. १००/- अंकित दरका १५,००,००० कित्ता साधारण शेयरको १ : १ (अर्थात विद्यमान एक शेयर बराबर नयाँ एक कित्ता शेयर) को अनुपातमा साविक शेयरधनीहरुको लागि १५,००,००० कित्ता हकप्रद शेयरको निष्कासन गर्नको लागि प्रकाशित ।

***दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।***

**निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्कासनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सहि देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र वोर्डमा धितोपत्र सम्वन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

धितोपत्रको लगानीमा हुन सक्ने जोखिम बारे लगानीकर्ता स्वयंले विचार गर्नु पर्नेछ । यस वित्तिय संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु बारे यस विवरणको दफा **थ** मा उल्लेख गरिएको छ ।

**यस कम्पनीले जारी गर्न लागेको हकप्रद निष्कासनलाई इक्रा नेपाल लिमिटेडले कमजोर आधारहरु** (Fundamentals) **जनाउने "[ICRANP] IPO Grade 5" ग्रेडिङ्ग प्रदान गरेको छ । "[ICRANP] IPO Grade 5" ले Poor Fundamentals जनाउँछ । क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण यस विवरणको अनुसूचिमा संलग्न गरिएको छ ।**

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७४/०३/२७

हकप्रद शेयर निष्कासन खुल्ला हुने मिति २०७४/०५/०६

हकप्रद शेयर निष्कासन बन्द हुने मिति २०७४/०६/०९ (बैंकिङ्ग समय पश्चात)

***धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक:***

**ग्लोबल आइएमई क्यापीटल लिमिटेड**

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लिमिटेड
GROW WITH US

पो.ब.नं.२१५९९, राष्ट्रिय नाचघर
(तेस्रो तल्ला) जमल, काठमाण्डौं ।
फोन नं. ४२२२४६० फ्याक्स नं.४२२२५३४
E-ail:info@globalimecapital.com
URL: www.globalimecapital.com

**(क)** **कम्पनीको नाम : अरुण फाइनान्स लिमिटेड (Arun Finance Limited)**

**(ख)** **संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय सुनसरी जिल्ला, धरान उप-महानगरपालिका नगरपालिका, वार्ड नं. ६, सुनसरी, नेपालमा रहेको छ ।

**(ग)** **कारोवार स्थान :** यस वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ अनुसार "ग" वर्ग (राष्ट्रियस्तर) को वित्तीय संस्थाको रुपमा वित्तीय कारोवार गर्ने गरी नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त गरेको हो । हाल यस वित्तीय संस्थाले सुनसरी जिल्ला, धरान उप-महानगरपालिका, वार्ड नं. ६, धरान, सुनसरी, नेपाल स्थित रजिष्टर्ड (केन्द्रिय) कार्यालय र (१) हेटौडा १०, मकवानपुर, (२) माँखा ६, खाडिचौर, सिन्धुपाल्चोक स्थित शाखा कार्यलयबाट वित्तीय कारोबार गर्दै आई रहेको छ । नेपाल राष्ट्र बैंकको स्वीकृती लिई आवश्यकता अनुसार शाखा उपशाखा वा अन्य कार्यालय खोली देशभरका अन्य जिल्लाहरुमा वित्तीय कारोवार विस्तार गर्दै जाने लक्ष्य लिएको छ ।

**(घ)** **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्यः**

**वित्तीय संस्थाको संक्षिप्त इतिहास :**

यो वित्तीय संस्था पूर्वाञ्चल लगायत नेपालभर समग्र आर्थिक विकासमा टेवा पुऱ्याउन, सर्वसाधारणमा छरिएर रहेको पूँजीलाई एकत्रित गरी सो को सदुपयोगको लागि औद्योगिक प्रतिष्ठानहरु, व्यापारिक वर्ग, स-साना उद्यमी तथा कृषकहरुलाई दीर्घकालिन, मध्यकालीन एवं अल्पकालीन ऋण उपलब्ध गराई देशको आर्थिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५१ साल फाल्गुन १२ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । यस कम्पनीले नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम वित्तीय कारोवार गर्न मिति २०५४।०४।०२ मा इजाजत पत्र प्राप्त गरी मिति २०५४।०५।०१ गतेदेखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस वित्तीय संस्थाको संस्थापकहरुमा बैकिङ्ग क्षेत्र, औद्योगिक क्षेत्र, सामाजिक क्षेत्र, व्यवस्थापनका अलावा व्यापर क्षेत्रमा लामो समयदेखि आबद्ध ख्याति प्राप्त लब्ध प्रतिष्ठित व्यक्तिहरु रहेका छन् ।

**वित्तीय संस्थाको मुख्य उद्देश्यहरु :**

वित्तीय संस्थाको प्रवन्ध पत्रको दफा ४ र नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ र अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्धेश्य देहाय बमोजिम रहेको छ ।

(क) वित्तीय संस्थाको निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा वाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारी मूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याउने तथा देशको अर्थतन्त्रलाई सवल एवं सुदृढ बनाउन सहयोग पुऱ्याउने, र

(ङ.) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनियता अभिबृद्धि गर्न सहयोग पुऱ्याउने ।

**(ङ)** **शेयर पूँजीको संरचना :**

**क)** **अधिकृत पूँजी:** वित्तीय संस्थाको अधिकृत पूँजी रु. १,००,००,००,०००/– (अक्षरेपी एक अर्ब) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/– दरका जम्मा १,००,००,००० (एक करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**ख)** **जारी पूँजी**: यस वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु. ३०,००,००,०००/– (तीस करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/– दरका जम्मा ३०,००,०००।- (तिस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**ग)** **चुक्ता पूँजी:** वित्तीय संस्थाको चुक्ता पूँजी रु. ३०,००,००,०००/– (तिस करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका जम्मा ३०,००,०००।- (तिस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**(च)** **हकप्रद शेयर निष्कासन गर्नु पुर्व र निष्कासन पश्चात् संगठित संस्थाको चुक्ता पूँजीको स्थिति :**

**हकप्रद शेयर निष्कासन पूर्व वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना:**

| शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|
| संस्थापक शेयरधनीहरु | ९,००,००० | ९,००,००,०००।०० | ६०% | शतप्रतिशत |
| सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | ६,००,००० | ६,००,००,०००।०० | ४०% | शतप्रतिशत |
| **जम्मा** | **१५,००,०००** | **१५,००,००,०००।००** | **१००%** | |

**हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पुंजीको संरचना:**

| शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|
| संस्थापक शेयरधनीहरु | १८,००,००० | १८,००,००,०००।०० | ६०% | शतप्रतिशत |
| सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | १२,००,००० | १२,००,००,०००।०० | ४०% | शतप्रतिशत |
| **जम्मा** | **३०,००,०००** | **३०,००,००,०००।००** | **१००%** | |

**(छ)** **हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या तथा संस्थागत सस्थापकहरुको हकमा उक्त सस्थाको संचालकहरुको नाम तथा ठेगाना (प्राकृतिक ब्यक्ति नखुले सम्म) :**

| क्र.सं. | शेयरधनीको नाम | ठेगाना | शेयर कित्ता |
|---|---|---|---|
| १ | श्री अम्बिका प्रसाद पौडेल | धापासी-५, काठमाण्डौ | १०,२७६।०० |
| २ | श्रीमती जीवन कुमारी अर्याल | धापासी-५, काठमाण्डौ | १,९२,१६२।०० |
| ३ | श्रीमती सुधा अर्याल | अर्जुन चौपारी-४, स्याङजा | २,०१,३९३।०० |
| ४ | श्री नवदत्त काफ्ले | बानेथोक-७, स्याङजा | १,४६,७४७।०० |
| ५ | श्री जयराम नेपाल | कल्लेरी-३, धादिङ्ग | १,३३,१२०।०० |
| ६ | श्री कुमार पौडेल | देवदह-४, रुपन्देही | ८४,१००।०० |
| ७ | श्री प्रकाश तिवारी | दरौ-४, स्याङजा | ५५,८००।०० |
| ८ | श्रीमती उमा विष्ट | दोहोली-३, गुल्मी | २७,७८४।०० |
| ९ | श्री लिलानाथ ढकाल | दमक न.पा.-८, झापा | १५,०००।०० |
| १० | श्रीमती संगीता ज्ञवाली | सानोश्री-३, बर्दिया | १४,०००।०० |
| ११ | श्री गोकर्ण खतिवडा | बालकुमारी-१, नुवाकोट | ८,४८०।०० |
| १२ | श्री शिवसिंह कार्की | सित्तड-४, बैतडी | ५,१३८।०० |
| १३ | श्री लोकेन्द्र मान श्रेष्ठ | धरान-१०, सुनसरी | २,०००।०० |
| १४ | श्री राजेन्द्र प्रसाद पोखेल | धरान-१४, सुनसरी | २,०००।०० |
| १५ | श्रीमती जमुना मोक्तान | धरान-१८, सुनसरी | २,०००।०० |
| | | **जम्मा (संस्थापक शेयरधनी)** | **९,००,०००** |
| | | **जम्मा (सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित)** | **६,००,०००** |
| | | **कूल जम्मा** | **१५,००,०००** |

**(ज)** **निष्कासन गरिने हकप्रद शेयरको संख्या र त्यसको अनुपात :**

वित्तीय संस्थाको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या १५,००,००० कित्ताको १ : १ (अर्थात विद्यमान एक साधारण शेयर बराबर एक कित्ता नयाँ साधारण शेयरका दरले) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले जम्मा १५,००,००० कित्ता हकप्रद साधारण शेयर निष्कासन गरिनेछ ।

**(झ)** **धितोपत्र निष्कासन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति** :

**साधारण सभाले गरेको निर्णय**

यस वित्तीय संस्थाको २० औं बार्षिक साधारण सभाबाट अनुमोदित तत्कालको चुक्ता पूँजी रु. १५ करोड अर्थात १५ लाख कित्ता शेयरको आधारमा १ कित्ता बराबर नयां १ कित्ता शेयर (चुक्ता पुँजीको १०० प्रतिशत) को दरले हकप्रद शेयर जारी गरि संस्थाको जारी तथा चुक्ता पूँजी रु. ३०,००,००,०००/– ( अक्षरेपी तिस करोड मात्र) पुऱ्याउने प्रस्ताव सर्वसम्मतबाट पारित गरियो ।

**साधारण सभा सम्पन्न भएको मिति**

हकप्रद शेयर निष्कासन गर्ने सम्बन्धमा २० औं बार्षिक साधारण सभा सम्पन्न भएको मिति : २०७३/०८/३० गते ।

**(ञ) संचालकहरुको परिचय :**
**संचालकहरुको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव:**

| क्र स | संचालकहरुको नाम | समूह | ठेगाना | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|
| १ | श्री अम्बिका प्रसाद पौडेल (संस्थापक समूह - "क" ) | अध्यक्ष | धापासी-५, काठमाण्डौ | स्नातकोत्तर | सरकारी तथा विभिन्न संघसंस्थामा उच्च पदमा रही २० बर्षभन्दा बढीको अनुभव<br>निवर्तमान अध्यक्ष: एनबि इन्स्योरेन्स लि.<br>संचालक: चन्द्रागिरी हिल्स लिमिटेड<br>प्रवन्ध निर्देशक: हाथवे इन्भेष्टमेन्ट लि. |
| २ | श्री प्रकाश तिवारी (संस्थापक समूह - "क") | संचालक | दरौ-४, स्याङजा | स्नातकोत्तर | प्रेसिडेन्ट : इन्टरप्रिनर्स नेपाल<br>प्रमुख वित्त विश्लेषक : हाथवे इन्भेष्टमेन्ट लि. |
| ३ | श्री लिलानाथ ढकाल (संस्थापक समूह - "क") | संचालक | दमक न.पा.-८, झापा | स्नातक | प्रोपाइटरः मनासलु ट्रेडिङ्ग |
| ४ | श्री नवराज नेपाल (सर्वसाधारण समूह - "ख") | संचालक | कल्लेरी-३, धादिङ्ग | साक्षर | संचालकः हाथवे इन्भेष्टमेन्ट लि.<br>संचालकः एस.आर. हाइड्रो एण्ड इन्भेष्टमेन्ट प्रा. लि.<br>संचालकः चन्द्रागिरी हिल्स लिमिटेड |

**प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरणः**

| | | |
|---|---|---|
| **नाम** | : | विष्णु पाण्डे |
| | : | प्रमुख कार्यकारी अधिकृत |
| **ठेगाना** | : | सामाखुसी-२६, काठमाण्डौ |
| **योग्यता** | : | व्यवस्थापन संकायमा स्नातकोत्तर |
| **अनुभव** | : | बैंकिङ्ग क्षेत्रमा १४ बर्ष बढीको अनुभव |

| सस्थांको नाम | कार्य अनुभव |
|---|---|
| एन.आई.सी एशिया बैंक | ११ बर्ष |
| नेपाल बंगलादेश बैंक | ३ बर्ष |

**(ट) संचालक समितिको बनौट**

वित्तीय संस्थाको नियमावलीमा भएको व्यवस्था अनुसार ६ (छ) जना संचालक सदस्य रहेको संचालक समिति देहाय बमोजिम गठन गरिएको छ ।

| | |
|---|---|
| समूह "क" का संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने निर्वाचित संचालकहरु | ३ (तीन) जना |
| समूह "ख" का शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु | २ (दुई) जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित संचालक* | १ (एक) जना |
| **जम्मा** | **६ (छ) जना** |

***नोट : व्यावसायिक विशेषज्ञबाट मनोनित संचालक हाल रिक्त रहेको ।**

यस वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको संचालक हुनका लागि कम्तिमा १०० (सय) कित्ता साधारण शेयर लिएको हुनु पर्नेछ । यस्तो शेयर लिने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुदैन । तर नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञ संचालक मनोनयन गरेको अवस्थामा त्यस्तो संचालकले व्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुने छैन । संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

**(ठ). लिनुपर्ने  न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्कासन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्कासन गर्नु पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्म शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा  कायम  रहेको  साधारण शेयरको १ : १ (अर्थात विद्यमान एक शेयर बराबर नयाँ एक कित्ता साधारण शेयरको दरले) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ । दरखास्त साथ प्रति शेयर रु.१००।– को दरले आवेदन गर्ने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो रकम बराबरको संकलन केन्द्रको नाममा खिचिएको A/C Payee चेक दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

**(ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बांकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा साविकका संस्थापक शेयरधनीहरुले हकप्रद सेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा प्रचलित ऐन, कानुन तथा नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही हक हस्तान्तरण गर्न सक्ने छन् वा धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था र अन्य ऐन, नियमका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै लिलाम बढाबढ) द्वारा सार्वजनिक रुपमा सूचना प्रकाशित गरी विक्री गरिने छ ।

**(ढ) हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने /नपाउने सम्बन्धी व्यवस्था :**

हकप्रद शेयरको अनुपातभन्दा बढी शेयर खरिद गर्न पाइने छैन । हकप्रद शेयर खरिद गर्दा हकप्रद शेयरको अनुपातभन्दा बढी शेयर खरिद गर्न नपाउने तर आफ्नो कायम हक अनुसार खरिद गर्न पाउने हकप्रद शेयर खण्डिकृत हुन आएमा खण्डिकृत अंकलाई १ अंक गणना गर्ने गरी माथिल्लो पूर्ण अंक ( Upper hold) मा परिणत गरि आवेदन दिन पाइने छ तर दशमलवमा आउने गरि शेयर आवेदन दिन पाइने छैन । यस विवरण मार्फत निष्कासन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरिए बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

यदी कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा माथिल्लो पुर्ण शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ ।

**(ण) संगठित संस्थाको विगतको तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ सम्बन्धी विवरण**

**वित्तीय संस्थाको विगतको तथा आगामी तीन वर्षको प्रक्षेपित वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु. हजारमा) | | | *अपरिष्कृत ०७३/७४ चैत्र मसान्त* | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/७४ | आ.ब. ०७४/७५ | आ.ब. ०७५/७६ |
| १. शेयर पूँजी | १५८,००० | १५८,००० | १५८,००० | १५८,००० | १५८,०००.०० | ८०१,०००.०० | ८०१,०००.०० |
| २. जगेडा तथा कोषहरु | (१७९,३७३) | (१८५,५३८) | (१५३,९०५) | (१५२,८३५) | (१४३,८७९.४९) | (३०,५७७.८६) | ७१,९४४.०४ |
| ३. ऋणपत्र तथा बण्ड | | | | - | | | |
| ४. तिर्न बाँकी कर्जा सापट | | | | | | | |
| ५. निक्षेप दायित्व | १६९,२४८ | १२०,५४५ | ८३,८१९ | २९,६२५ | ३२,८४७.५४ | ९१९,११२.४५ | १,६१४,६०४.८४ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | | - | - | | | | |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | | | | | | | |
| ८. आयकर दायित्व | | | | | | | |
| ९. अन्य दायित्व | १५,४३३ | ५,३५२ | ५७,२०३ | ७६,८०२ | ८३,१५४.१२ | १७,१००.७१ | २१,३६७.१२ |
| **कुल दायित्व** | **१६३,३०८** | **९८,३५८** | **१४५,११६** | **१११,५९२** | **१३०,१२२.१८** | **१,७०६,६३५.३०** | **२,५०८,९१६.००** |

| सम्पत्ति | वास्तविक (रु. हजारमा) | | | *अपरिष्कृत ०७३/७४ चैत्र मसान्त* | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/७४ | आ.ब. ०७४/७५ | आ.ब. ०७५/७६ |
| १. नगद मौज्दात | ३,५३९ | २,११९ | ३,६४३.०८ | ११०३ | १,३७२.७१ | ५४,९०८.४० | ४२,७८९.६१ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १३४,००० | १३४,००० | २,९६६.२० | २,९६६ | १,४००.०० | ५०,९७१.०४ | ८३,२९५.८५ |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | ३२,६५९ | १३,७२४ | १०८,१२२.९० | ७४,०८२ | ७४,१७२.२९ | ३०४,१००.०० | ४४७,५४८.१९ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | | | □ | | | | |
| ५. लगानी | १०० | १०० | १०० | १०० | १०० | ५,०००.०० | १५,०००.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. कर्जा सापट तथा बिल खरिद | ५६,२७९ | ७,२६१ | १,७२६.५१ | ५,१९८ | ६,६०९.०४ | १,२२०,६९८.७३ | १,८१२,३७१.४० |
| ७. स्थिर सम्पत्ति | ६,०१५ | ४,६९३ | ३,५४८.७३ | २,९२६ | ४,२२४.६७ | २१,२९८.०० | ३०,२९८.०० |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | | | | | | | |
| ९. अन्य सम्पत्ति | ५१,३१४ | ५७,०६० | २५,००९.२३ | २५,२१६ | ४२,२४३.४७ | ४९,६५९.१४ | ७७,६१२.९५ |
| **कुल सम्पत्ति** | **१६३,३०८** | **९८,३५८** | **१४५,११६.६५** | **१११,५९२** | **१३०,१२२.१८** | **१७,०६,६३५.३०** | **२,५०८,९१६.००** |

**<u>नोटः</u>** वित्तीय संस्थाको चुक्ता पूँजीको गणना गर्दा संस्थामा संस्थापक शेयरधनीहरुबाट जम्मा भएको ***"कल इन एड्भान्स"*** सहितको रकम जोडी गणना गरिएको र संस्थाको चुक्ता पूँजी रु. १५ करोड मात्र रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ । साथै संस्थाको १५ करोडको हकप्रदको प्रक्रिया पश्चात् वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम् चुक्ता पूँजी रु. ८० करोड पुऱ्याउन पुनः हकप्रद शेयर जारी गरी अथवा नयाँ लगानीकर्ता थप गरी पुऱ्याउने उद्देश्य रहेको हुँदा चुक्ता पूँजी बृद्धि पश्चात् संस्थाले खराब कर्जाको मात्रामा कटौती गर्दै नयाँ कर्जा लगानी गरी व्यवसाय बृद्धि गर्नुपर्ने हुँदा अनुमानित वित्तीय विवरणहरु अस्वाभाविक बृद्धि हुने देखिएको हो ।

### <u>वित्तीय संस्थाको विगतको तथा आगामी तीन वर्षको प्रक्षेपित नाफा नोक्सान हिसाब</u>

| **विवरण** | **वास्तविक (रु. हजारमा)** | | | ***अपरिष्कृत ०७३/७४ चैत्र मसान्त*** | **प्रक्षेपित (रु.हजारमा)** | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/७४ | आ.ब. ०७४/७५ | आ.ब. ०७५/७६ |
| १ व्याज आम्दानी | ११,५७४ | २८,०४५ | ३५,३८७ | २,३०६ | ८,०९६.१६ | १६२,८९७.६४ | २३७,८३३.६१ |
| २ व्याज खर्च | २३,५९८ | १०,९४२ | ६,२१५ | ८२४ | १,२३२.२४ | ७२,१५०.३३ | ११६,२५१.५५ |
| खुद ब्याज आम्दानी | (१२,०२३) | १७,१०२ | २९,१७१ | १,४८२ | ६,८६३.९२ | ९०,७४७.३१ | १२१,५८२.०६ |
| ३. कमिशन तथा डिस्काउण्ट | ४५ | २७ | १ | १ | ४४३.३० | १,१३०.४३ | २,४३८.४१ |
| ४. अन्य संचालन आम्दानी | ३८५ | १४२ | १,६०९ | ४,००७ | १७२.८९ | १२,४५४.८४ | १८,४९१.७० |
| ५. सटही घटबढ आम्दानी | | - | | | | | |
| कुल संचालन आम्दानी | (११,५९२) | १७,२७२ | ३०,७८२ | ५,४८९ | ७,४८०.१२ | १०४,३३२.५८ | १४२,५१२.१७ |
| ६. कर्मचारी खर्च | १०,३७० | ९,००२ | ५,६४७ | १,४९४ | २,१७६.९४ | १३,४७१.१८ | १८,७२९.६२ |
| ७. अन्य संचालन खर्च | ७,४८३ | ६,१९० | ४,७४२ | ३,११४ | ४,३८०.३४ | ९,७१९.२५ | १०,२०४.४६ |
| ८. सटही घटबढ नोक्सान | | - | | | | | |
| सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा | (२९,४४६) | २,०७९ | २०,३९२ | ८८१ | ९२२.८४ | ८१,१४२.१५ | ११३,५७८.०९ |
| ९. सम्भावित नोक्सानी | १९,६२० | ८४,२९१ | २,६५८ | १,१३३ | १२१६.७७ | २३,५६८.३६ | १२,०१३.३५ |
| संचालन मुनाफा/(नोक्सान) | (४९,०६६) | (८२,२११) | १७,७३३ | (२९२) | (२९३.९३) | ५७,५७३.७९ | १०१,५६४.७४ |
| १०.गैर संचालन आम्दानी/( नोक्सान | (१,६२२) | ३६२ | ७२९ | | ४,००४.८५ | २५,०००.०० | |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ४,२१४ | ६९,८०५ | ४५,७१९ | १,३२३ | ७,३१८.१९ | ४२,०५८.०० | ११,२०९.३५ |
| नियमित कारोवारबाट भएको मुनाफा | (४६,४७५) | (१२,०४३) | ६४,१८३ | १,०७१ | ११,०२९.११ | १२४,६३१.७९ | ११२,७७४.०९ |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | १३९ | ६ | ११२ | | | | |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - | - | - | | | | |
| सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा | (४६,३३५) | (१२,०३७) | ६४,२९५ | १,०७१ | ११,०२९.११ | १२४,६३१.७९ | ११२,७७४.०९ |
| १३.कर्मचारी बोनस व्यवस्था | - | - | ५,८४५ | | १,००२.६५ | ११,३३०.१६ | १०,२५२.१९ |
| १४.आयकर ब्यबस्था | - | ७ | - | | | | |
| यस वर्षको | - | - | - | | | | |
| गत वर्षको | | - | - | | | | |
| यस वर्षको स्थगन कर ( आम्दानी)/खर्च | (७,१९४) | (५,७४६) | २६,८१७ | | | | |
| खुद मुनाफा/(नोक्सान) | (३९,१४१) | (६,२९७) | ३१,६३२ | १,०७१ | १०,०२६.४६ | ११३,३०१.६३ | १०२,५२१.९० |
| शेयर संख्या | १,५८० | १,५८० | १,५८० | १,५८० | १,५८० | ८,०१० | ८,०१० |
| प्रति शेयर आम्दानी (रु.) | (२४.७७) | (३.९९) | २०.०२ | ०.६७ | ६.३५ | १४.१५ | १२.८० |

नोटः मिति २०७३/१०/१९ मा नेपाल राष्ट्र बैंकबाट समस्याग्रस्त फुकुवा भई नियमित कारोबार गर्न स्विकृति प्रदान गरी पूँजी बृद्धि भएको तथा आ.व. २०७४/०७५ मा शाखा विस्तार गरि कारोबारमा बढोत्तरी हुने भएकाले सुचांकहरुमा उल्लेखनिय बृद्धि हुने देखिन्छ । साथै संस्थाको १५ करोडको हकप्रदको प्रक्रिया पश्चात् वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकले बैंकले तोकेको न्यूनतम् चुक्ता पूँजी रु. ८० करोड पुऱ्याउन पुनः हकप्रद शेयर जारी गरी अथवा नयाँ लगानीकर्ता थप गरी पुऱ्याउने उद्देश्य रहेको हुँदा चुक्ता पूँजी बृद्धि पश्चात् संस्थाले खराब कर्जाको मात्रामा कटौती गर्दै नयाँ कर्जा लगानी गरी व्यवसाय बृद्धि गर्नुपर्ने हुँदा अनुमानित वित्तीय विवरणहरु अस्वाभाविक बृद्धि हुने देखिएको हो । साथै कम्पनी व्यबस्थापनले अनुमानित वित्तीय विवरणहरु हासिल गर्न पूर्ण रुपमा प्रयास गर्नेछौं ।

## अनुमानित वित्तिय विवरणहरु तयार गर्दाका आधारहरुः

| विवरण | आ. व. २०७३/७४ | आ. व. २०७४/७५ | आ. व. २०७५/७६ |
|---|---|---|---|
| १. कूल निक्षेपमा औषत बृद्धिदर | -६०.८१% | २६९८.१२% | ७५.६७% |
| २. कूल कर्जा तथा सापटमा औषत बृद्धिदर | २८२.८०% | १८३७०.१३% | ४८.४७% |
| ३. कूल कर्जा तथा निक्षेप + पूँजीकोष अनुपात | ८.३१% | १५५.९५% | २०३.३५% |
| ४. कूल आयमा औषत बृद्धिदर | -५३.०९% | ११२३.९६% | ५२.२८% |
| ५. कूल खर्चमा औषत बृद्धिदर | -७६.९२% | १९२५.६६% | ४६.६२% |
| ६. संचालन खर्च तथा कूल आम्दानी अनुपात | ७५.२६% | १३.१४% | ११.१८% |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | -६८.३०% | १०३०.०३% | -९.५१% |
| ८. निक्षेपको औषत व्याजदर | ९.६०% | ७.८५% | ७.२०% |
| ९. कर्जा तथा सापटको औषत व्याजदर | ११.९२% | ११.८५% | ११.७५% |
| १०. आयकर दर | ३०.००% | ३०.००% | ३०.००% |
| ११. लगानीमा प्रतिफल वा प्रतिशेयर आम्दानी | ४.४९ | १४.१५ | १२.८० |
| १२. अन्य संचालन खर्चमा बृद्धिदर | -७.६४% | १२१.८८% | ४.९९% |
| १३. कर्मचारी खर्चमा बृद्धिदर | -६१.४५% | ५१८.८१% | ३९.०३% |
| १४. वैधानिक तरलता अनुपात (SLR) | २३४.२५% | ४४.६१% | ३५.३०% |
| १५. अनिवार्य मौज्दात (CRR) | ४.२६% | ५.५५% | ५.१६% |
| १६. पूँजीकोष पर्याप्तता (CAR) | १०६.६६% | ५४.२५% | ४१.३८% |
| कूल कर्जामा कर्जा नोक्सानी व्यवस्था | ९०.१०% | १.९९% | १.९९% |

## वित्तीय संस्थाको वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवर्थ)

| विवरण | वास्तविक (रु. हजारमा) | | | *अपरिष्कृत ०७३/७४ चैत्र मसान्त* | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/७५ | आ.ब. ०७५/७६ |
| चुक्ता पुंजी | १५८,००० | १५८,००० | १५८,००० | १५८,००० | १५८,०००.०० | ८०१,०००.०० | ८०१,०००.०० |
| जगेडा तथा कोषहरु | (१७९,३७३) | (१८५,५३८) | (१५३,९०५) | (१५२,८३५) | (१४३,८७९.४९) | (३०,५७७.८६) | ७१,९४४.०४ |
| **कुल** | (२१,३७३) | (२७,५३८) | ४०९५ | ५१६५ | १४१२०.५१ | ७७०,४२२.१४ | ८७२,९४४.०४ |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च अवास्तविक सम्पत्ति | - | - | - | | | | |
| **कुल नेटवर्थ** | (२१,३७३) | (२७,५३८) | ४०९५ | ५१६५ | ७९,४८०.५१ | ७७०,४२२.१४ | ८७२,९४४.०४ |
| शेयर संख्या | १,५८० | १,५८० | १,५८० | १५८० | १५८० | ८,०१० | ८,०१० |
| प्रति शेयर नेटवर्थ (रु.) | (१३.५३) | (१७.४३) | २३.१८ | २.५९ | ८.९४ | ९६.१८ | १०८.१९८ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | (१८३.१३) | (२२.८७) | ८६.३५ | २.८२ | ७१.०१ | १४.७१ | ११.७४ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | | | ४१.११% |

नोटः वित्तीय संस्थाको चुक्ता पूँजीको गणना गर्दा संस्थामा संस्थापक शेयरधनीहरुबाट जम्मा भएको ***"कल इन एड्भान्स"*** सहितको रकम जोडी गणना गरिएको र संस्थाको चुक्ता पूँजी रु. १५ करोड मात्र रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**द्रष्टव्य :** यस आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षहरुको कारोवारको आधारमा निष्कासनकर्ता वित्तीय संस्था आफैले तयार पारेको हो र उक्त प्रक्षेपित वित्तीय विवरणहरु पुनरावलोकन गरी यथार्थ परक भएको व्यहोरा सहितको राय व्यक्त गर्ने विशेषज्ञमा लेखापरिक्षक प्रयास एण्ड एशोसियट्सका, चार्टर्ड एकाउन्टेन्ट श्री प्रयास श्रेष्ठ, काठमाण्डौं हुनुहुन्छ ।

(त) <u>संगठित संस्थाको पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात र नाफा - नोक्सान हिसावको विवरण :</u>

**२०७३ आषाढ मसान्तको वासलात**

(रु. हजारमा )

| विवरण | रकम |
|---|---|
| **पूँजी तथा दायित्व** | |
| शेयर पूंजी | १५८,००० |
| जगेडा तथा कोषहरु | (१५३,९०५) |
| ऋणपत्र तथा बन्ड | - |
| तिर्नबाँकी कर्जा सापट | - |
| निक्षेप दायित्व | ८३,८१९ |
| भुक्तानी दिनुपर्ने विलहरु | - |
| प्रस्तावित तथा भुक्तानी दिनु बाँकि लाभाँश | - |
| आयकर दायित्व | - |
| अन्य दायित्व | १४,८४३ |
| **कूल दायित्व** | १४५,११६ |
| **सम्पत्ति** | |
| नगद मौज्दात | ३,६४३ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | २,९६६ |
| बैक/वित्तीय संस्थामा रहेको मौज्दात | १०८,१२२ |
| माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - |
| लगानी | १०० |
| कर्जा सापट तथा विल खरीद | १,७२६ |
| स्थिर सम्पत्ति | ३,५४८ |
| गैर बैकिङ्ग सम्पत्ति | - |
| अन्य सम्पत्ति | २५,००९ |
| **कूल सम्पत्ति** | १४५,११६ |

**२०७२ श्रावण १ गते देखि २०७३ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब**

(रु.हजारमा)

| विवरण | रकम |
|---|---|
| १.व्याज आम्दानी | ३५,३८७ |
| २.व्याज खर्च | ६,२१५ |
| **खुद व्याज आम्दानी** | २९,१७१ |
| ३.कमिशन तथा डिस्काउण्ट | १ |
| ४.अन्य सञ्चालन आम्दानी | १,६०९ |
| ५.सटही घटवढ आम्दानी | |
| **कूल सञ्चालन आम्दानी** | ३०,७८२ |
| ६.कर्मचारी खर्च | ५,६४७ |
| ७.अन्य सञ्चालन खर्च | ४,७४२ |
| ८.सटही घटवढ नोक्सान | |
| **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा** | २०,३९२ |
| ९.सम्भावित नोक्सानी व्यवस्थाहरु | २,६५८ |
| **सञ्चालन मुनाफा** | १७,७३३ |
| १०.गैर सञ्चालन आम्दानी/ नोक्सान | ७२९ |

| | |
|---|---|
| ११.सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ४५,७१९ |
| **नियमित कारोवारवाट भएको मुनाफा** | ६४,१८३ |
| १२.असामान्य कारोवारहरुवाट भएको मुनाफा/खर्च | ११२ |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | ६४,२९५ |
| १३.कर्मचारी बोनस व्यवस्था | ५,८४५ |
| १४.आयकर व्यवस्था | - |
| यस वर्षको कर व्यवस्था | - |
| विगत वर्षसम्मको कर व्यवस्था | - |
| यस वर्षको स्थगन कर आम्दानी/खर्च | २६,८१७ |
| **खुद नाफा/नोक्सान** | ३१,६३२ |

**आर्थिक वर्ष २०७२/०७३ को नाफा नोक्सान बाँडफाँड हिसाव**

**(रु. हजारमा)**

| **विवरण** | **यस वर्ष** |
|---|---|
| **आम्दानी** | |
| १. गत वर्षसम्मको संचित मूनाफा | - |
| २. यस वर्षको मूनाफा | ३१,६३२ |
| ३. सटही घटवढ कोष | |
| ४. शेयर प्रिमियमबाट सारियको | - |
| **जम्मा** | **३१,६३२** |
| **खर्च** | |
| १. गत वर्षसम्मको संचित नोक्सान | २३८,७०३ |
| २. यस वर्षको नोक्सान | - |
| ३. साधारण जगेडाकोष | ६,३२६ |
| ४. भैपरी आउने जगेडा | - |
| ५. संस्था विकास कोष | - |
| ६. लाभांश समीकरण कोष | - |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | - |
| ८. प्रस्तावित लाभांश | - |
| ९. प्रस्तावित बोनस शेयर | - |
| १०. विशेष जगेडा कोष | - |
| ११. सटही घटवढ कोष | - |
| १२. पूँजी फिर्ता जगेडा कोष | - |
| १३. पूँजी समायोजन कोष | - |
| १४. स्थगन कर जगेडा कोष | (२६,८१७) |
| १५. लगानी समायोजन कोष | |
| **जम्मा** | **६५,११२** |
| **१६.सञ्चित मुनाफा/(नोक्सान)** | (१८६,५७९) |

**आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मिति सम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणमा समावेश गर्नु पर्ने :**

आर्थिक वर्ष समाप्त भएदेखि हालसम्म कम्पनीको वित्तीय स्थितीमा असर पुग्ने कुनै घटना नघटेको ।

**(थ) संगठित संस्थाले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :**

क) नयाँ वित्तीय संस्थाहरुको प्रवेशबाट हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।
ख) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
घ) देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।
ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने जोखिमहरु ।
च) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु ।
छ) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्नसक्ने जोखिमहरु ।
ज) अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट श्रृजना हुन सक्ने सम्भावित जोखिमहरु ।

वित्तीय संस्थाको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले कर्जा तथा लगानीको लागि जोखिम व्यहोर्ने कोषको व्यवस्था गरेको छ । संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध रहेको छ । यसको अलावा आफ्नो सेवालाई अझ प्रतिस्पर्धी बनाई उपभोक्तामुखि सेवाहरु प्रदान गरी मध्यकालीन तथा दिर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि वित्तीय संस्थाले प्रभावकारी कर्जा नीति अवलंम्वन गरेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने यस वित्तीय संस्थाको नीति रहेको छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :**

रु.१००/- प्रति शेयरका दरले निष्कासन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**(द). शेयर वाँडफाँट सम्बन्धी व्यवस्था :**

क) धितोपत्र बाँडफाँट गर्दा यस हकप्रद निष्कासन प्रयोजनको लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयर संख्याको १ : १ (अर्थात एक कित्ता शेयर वरावर नयाँ एक कित्ता शेयरको दरले) वरावरको शेयर आवेदनकर्ता शेयरधनीहरुलाई बाँडफाँट गरिनेछ । यसरी १ : १ को अनुपातबाट हकप्रद आधार हिसाव गर्दा शेयरधनीको कुल शेयर खण्डीकृत भएमा त्यसलाई १ अंक मानि हकप्रद शेयर संख्या गणना गर्ने गरी माथिल्लो पूर्ण अंक (Upper Hold) मा परिणत गरि आवेदन दिन पाइने छ र सोहि अनुसार धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २१ मा उल्लेख भए बमोजिम हकप्रद शेयरको बाँडफाँट गरिनेछ । तर कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउने भन्दा वढी शेयरका लागी दरखास्त दिएमा वढी शेयर बाँडफाँट गर्न वित्तीय संस्था वाध्ये हुनेछैन भने कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउने शेयरका लागी आवेदन नबुझाई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरका लागि मात्र आवेदन बुझाई शेयर बाँकी रहेको खण्डमा यसरी बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था बमोजिम गरिनेछ ।

(ख) वित्तीय संस्थाले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुलाई हकप्रद शेयर खरिद आह्वान गरेको साधारण शेयर विक्री भएको मितिले नेपाल धितोपत्र वोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरहरुको वाँडफाँड गरी सो को सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरिनेछ । यसरी बाँडफाँट भए पश्चात नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित ३० दिन अवधिभित्र वाँडफाँटमा परेका शेयरधनीहरुको शेयरलाई नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचीकरण भएपछि सम्बन्धित शेयरधनीहरुले उपलब्ध गराएको हितग्राही खाता (Demat Account) मा पठाइनेछ ।

**(ध). संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने समय र स्थान :**

वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय धरान उप-महानगरपालिका ६, भानुचोक, स्थित केन्द्रीय कार्यालय तथा धितोपत्र निष्कासन तथा विक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क राखि वित्तीय संस्थाको प्रवन्धपत्र, नियमावली, पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात, नाफा–नोक्सान हिसाव तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईनेछ ।

**(न). निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :**

निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभुति नगरिएको ।

**(प). धितोपत्र सूचिकरण गराउने सम्बन्धी व्यवस्था :**

यस हकप्रद शेयर निष्कासन सम्बन्धी व्यबस्था तथा बिवरणहरु मार्फत निष्कासन गरिने हकप्रद साधारण शेयरहरु साविक शेयरधनीहरुलाई बाँडफाँट गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्कासन निर्देशिकामा भएको व्यवस्था अनुसार हकप्रद शेयरको वितरण सम्बन्धित शेयरधनिले उपलब्ध गराएको हितग्राही खातामा धितोपत्र जम्मा गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा दर्ता गराई हकप्रद शेयरको खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

**(फ). संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

वित्तीय संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला नभएको ।

## (ब). हकप्रद शेयर खरीद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मूख्य कुराहरु :

(क) हकप्रद शेयर खरिद गर्नका लागि साविक शेयरधनीहरुले आवेदन दिंदा यस हकप्रद निष्कासन प्रयोजनको लागी हकप्रद निष्कासन पुर्व कम्पनीले सार्वजनिक सूचना मार्फत शेयरको दर्ता किताब बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्वर वा DMAT खाता नम्वर तथा आफूले खरिद गर्न चाहेको हकप्रद शेयरको संख्या समेत खोली बैंकले तोकेको ढांचामा आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

(ख) एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा जनु रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिनु पर्नेछ ।

(ग) दरखास्त फाराम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

(घ) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु १००।- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्र वा निष्कासन बैंकको खातामा जम्मा गरी सोको सक्कल भौचर समेत संलग्न गरी आवेदन दिनु पर्नेछ ।

(ङ) संयुक्त नाममा रहेको साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

(च) यस हकप्रद शेयर निष्कासनको लागि तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश गर्ने तथा दरखास्तसाथ शेयर वापत रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै दावि गर्न पाउने छैनन् ।

(छ) यस हकप्रद शेयर निष्कासन सम्वन्धी कुनै विवाद भएमा वा परेमा यस कम्पनीको संचालक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

(ज) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

झ) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको वितरण सोझै हितग्राही खाता (DeMat Account) भएका आवेदकहरुलाई हकमा नीजहरुले उपलब्ध गराएको हितग्राही खातामै सोझै जम्मा गरिने व्यवस्था मिलाइने छ । बाँडफाँटमा परेको शेयरको वितरण अभौतिक रुपमा वितरण गरिने हुँदा हकप्रद शेयरको लागि निवेदन दिँदा आफ्नो हितग्राही खाता (DeMat Account) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

ञ) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने हितग्राही खाता (DeMat Account) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो हितग्राही खाता (DeMat Account) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(ट) रु १० लाखभन्दा बढी रकमको हकप्रद शेयरको लागि आवेदन दिने शेयरधनीहरुले अनिवार्य रुपमा स्थायी लेखा नम्वर (PAN) दरखास्त आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

## भ). आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु:

आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरि मनोनयन गर्दा संस्थापक शेयरधनीहरुको हकमा यस बैंकको केन्द्रिय कार्यालय धरान उप-महानगरपालिका, वडा नं. ६, भानुचोक, नेपालबाट र सर्वसाधारण शेयरधनीहरुले यस वित्तीय संस्था वा निष्कासन तथा विक्री प्रवन्धक श्री ग्लोवल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाण्डौंमा सम्पर्क राखि आफुले प्राप्त गरेको हकप्रद शेयर खरिद गर्न पाउने सम्पूर्ण वा आंशिक हक अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न सक्ने छ । सो को लागि निम्नानुसारको व्यवस्था पालना गर्नु पर्ने हुन्छ ।

क) कुनै पनि व्यक्तिले आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्ने गरी दिन सक्ने छ ।

ख) हक हस्तान्तरण सम्बन्धी कारोबार गर्दा न्यूनतम १० कित्ता भन्दा कम नहुने गरि मनोनयन गर्नु पर्ने छ ।

ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन पाइने छैन, तर आफ्नो पुरै हक उपयोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सक्नेछ ।

घ) हक हस्तान्तरण गरि शेयर लिन मनोनित हुने शेयरवाला हक हस्तान्तरण हुनु पहिले वा हक हस्तान्तरण पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्याको १५ प्रतिशत भन्दा बढी नहुने गरि मनोनित भएको हुनुपर्ने छ ।

ङ) संस्थापक समूहको शेयर हक हस्तान्तरण गर्दा नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशनको अधिनमा रहि संस्थापक समूहको शेयर संस्थापक समुहको शेयरवालामा र सर्वसाधारण समुहको शेयर सर्वसाधारण शेयरवालाहरुमा रहने गरी मात्र हस्तान्तरण गर्न सक्ने छन् । हक हस्तान्तरण गर्दा कम्पनीको शेयर स्वामित्वको संरचना र संचालक समितिको बनौटमा कुनै परिर्वतन हुनेछैन । प्रत्येक शेयरवालाको एक शेयर बरावर एक मत हुनेछ ।

च) प्रस्तावित संस्थापक सेयरधनी नेपाल राष्ट बैंकबाट जारी निर्देशन अनुसार संस्थापक सेयरधनीको लागि तोकिएको योग्यता (Fit & Proper Test) पुरा भएको हुनु पर्नेछ ।

छ) प्रस्तावित संस्थापक सेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्सा समेत पेश गर्नु पर्नेछ ।

ज) प्रचलित कानून बमोजिम मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य नभएको हुनुपर्ने छ ।

झ) हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर विक्री खुल्ला भएको अवधिभित्र गर्ने गरि मनोनयन भएको हुनु पर्नेछ ।

ञ) शेयरधनीले आफुले पाएको हक अरु कसैलाई मनोनयन गर्दा तोकिएको ढाँचामा कम्पनीमा निवेदन दिनु पर्ने छ । साथै हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशतले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाउनु पर्नेछ ।

ट) संचालक तथा आधारभूत शेयरधनीले आफूले हक हस्तान्तरण गर्ने भएमा दरखास्त खुल्ला हुनुभन्दा तिन दिन अगाडी हक हस्तान्तरण गरि निष्काशन बैंकमा रकम जम्मा गर्नु पर्नेछ र अन्यको हकमा हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर विक्री खुल्ला भएको अवधिभित्र गर्ने गरि मनोनयन भएको हुनु पर्नेछ ।

ठ) कुनै पनि शेयरधनीहरुको शेयर बैंक तथा वित्तिय संस्था वा अन्य निकायबाट रोक्का रहेको सम्बन्धमा हक हस्तान्तरणको लागि निवेदन पेश गर्दाका बखत रोक्का गर्ने सम्बन्धित संस्था वा निकायको स्वीकृति पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**(म). संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्कासन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना उल्लेख गर्नुपर्ने :**

क) वित्तीय संस्थाको लेखापरीक्षकमा ए.पि. एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स, सि.ए. अनिल पौडेल हुनुहुन्छ ।

ख) वित्तीय संस्थाको कम्पनी सचिवमा गर्खाकोट–५, जाजरकोटका कर्ण बहादुर शाही हुनुहुन्छ ।

ग) वित्तीय संस्थाको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा संस्था आफैले तयार गरेको हो । र उक्त प्रक्षेपित वित्तीय विवरणहरु पुनरावलोकन गरी यथार्थ परक भएको व्यहोरा सहितको राय व्यक्त गर्ने विशेषज्ञमा प्रयास एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स सि.ए. श्री प्रयास श्रेष्ठ हुनुहुन्छ ।

ङ) यो "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यवसायिक संस्था ग्लोबल आइएमई क्यापीटल लिमिटेड काठमाण्डौंले तयार गरेको हो ।

च) यस हकप्रद शेयर निष्कासनका लागि धितोपत्र निष्कासन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्कासन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी ग्लोबल आइएमई क्यापिटल लिमिटेड, काठमाण्डौं रहेकोछ ।

**(य). हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

क) वित्तीय संस्थालाई सवल र सक्षम रुपमा सञ्चालन गर्न विद्यमान पूँजी वृद्धि गर्न ।

ख) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।

ग) वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

घ) वित्तीय संस्थाको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि पूँजी संकलन गरी वित्तीय संस्थाको स्थितिलाई बढी मजबुत तुल्याइ राख्न ।

(ङ) हकप्रद निष्कासनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :
हकप्रद शेयर निष्कासनबाट प्राप्त रकम निम्न बमोजिम उपयोग गरिनेछ ।

| **सि.नं.** | **विवरण** | **रकम (रु.)** |
|---|---|---|
| १. | आविधिक कर्जा | ५,००,००,००० |
| २. | हायरपर्चेज कर्जा | २,००,००,००० |
| ३. | व्यापारिक कर्जा | ५,००,००,००० |
| ४. | कृषि कर्जा | २,००,००,००० |
| ५. | आवासीय कर्जा | १,००,००,००० |
| | **जम्मा** | **१५,००,००,०००** |

**(र). हकप्रद शेयर विक्री खुल्ला अवधि :**

यस हकप्रद शेयर विष्कासन सम्वन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्कासन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने म्याद हकप्रद शेयर निष्कासन तथा विक्री खुल्ला भएको मितिले कम्तिमा ३५ दिन हुनेछ । ३५ दिन भित्र सम्पूर्ण हकप्रद शेयर विक्री नभएमा हकप्रद शेयर विक्री खुल्ला अवधि धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम १८ मा भएको व्यवस्था वमोजिम गरिनेछ ।

**(ल). हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

| **क्रं .सं.** | **स्थानहरु** |
|---|---|
| १. | श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौं । |
| २. | **श्री अरुण फाइनान्स लि.** केन्द्रिय कार्यलय धरान उप-उपमहानगरपालिका ६, सुनसरी तथा अन्य शाखा कार्यालयहरु क्रमश (१) हेटौडा, मकवानपुर, (२) माँखा ६, खाडिचौर सिन्धुपाल्चोक |
| ३. | **श्री ग्लोवल आइएमई बैंक लिमिटेडको** शाखा कार्यलयहरु क्रमश : (१) आर्दशनगर १३, वीरगंज २) फुलबारी बजार, इटहरी (३) भानुचोक, जनकपुर (४) धनगढी, कैलाली (५) पृथ्वीचोक, पोखरा, (६) त्रिभुवनचोक, नेपालगंज (७) वि.पि. चोक, बुटवल । |

साथै हकप्रद शेयरको दरखास्त फारम निष्कासन कर्ता कम्पनी–श्री अरुण फाइनान्स लिमिटेडको वेबसाइट www.arunfinance.com तथा निष्कासन तथा बिक्री प्रबन्धक–ग्लोबल आईएमई क्यापीटल लिमिटेडको वेबसाइट www.globalimecapital.com.np मार्फत डाउनलोड गरी भरेर बुझाउन सकिने छ ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको विक्री बन्द हुनुभन्दा अघिको मितिमा ग्लोबल आइएमई क्यापीटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट तथा हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्धारा ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको विक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन ।

**निष्कासन बैंक (Banker to the Issue) को नाम तथा ठेगाना :**

यस "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निम्नानुसारका निष्कासन बैंक (Bankers to the Issue) हरुलाई निष्कासन बैंक तोकिएको छ ।

| **क्र.सं.** | **निष्काशन बैंकको नाम** | **खाता नम्बर** |
|---|---|---|
| १. | श्री सिटिजन्स बैंक इन्टरनेसनल लि, कमलादी, काठमाण्डौं । | **००१००००४९२CC** |
| २. | श्री ग्लोबल आइएमई बैंक लि., कमलादी, काठमाण्डौं । | **०१११०१००११०४४** |

**(व).** **आफ्नो व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**
वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा आफूले गर्ने व्यवसायसंग सम्बन्धित ऐन, नियम, नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही दायराभित्र रही आफ्नो कारोवार गर्दै आइरहेको छ । साथै यस वित्तीय संस्थाको संचालक एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यबस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै अयोग्य समेत नरहेको उद्घोषण पनि गर्दछ ।

साथै क्रेडिट रेटिङ्ग नियमावली, २०६८ बमोजिम नेपालमा स्विकृत प्राप्त क्रेडिट रेटिङ्ग एजेन्सी इक्रा नेपाल लिमिटेडले यस कम्पनीको १ : १ अनुपातको हकप्रद शेयर निष्काशनको लागि "[ICRANP] IPO Grade 5" रेटिङ्गङ्ग प्राप्त भएको छ । इक्रा नेपालले १ देखि ५ स्केलमा ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधार जनाउँछ । ग्रेड २,३,४ मा प्रदान गरिने + (Plus) चिन्हले त्यस समूहका ` तुलानात्मक सकरात्मक स्थितिलाई जनाउँदछ ।

**(श).** बि.स.२०७०/०२/१७ मा ललितपुर फाइनान्स लि. र प्रोग्रेसिभ फाइनान्स लि. सँग मर्जर जाने प्रक्रियाको कारण शेयर कारोवार रोकिएको तर मर्जर प्रक्रिया बिचमै रद्द भएकोले अरुण फाइनान्स लि. ले नेप्सेलाई सो सम्बन्धी बि.स.२०७२/०१/२८ मा चिठी पठाइएको र त्यस पश्चात कारोबार सुचारु भएको जानकारी गर्न चाहान्छौ ।

**पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो तीन महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

यस वित्तीय संस्थाको विगत तीन आर्थिक वर्ष (२०७०/७१, २०७१/७२ र २०७२/७३) को शेयर कारोवारको विवरण

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रु.) | न्युनतम शेयर मूल्य (रु.) | अन्तिम शेयर मूल्य (रु.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| २०७०/७१ | - | - | - | - |
| २०७१/७२ | - | - | - | - |
| २०७२/७३ | १२६ | ७८ | ९७ | १.३१ |

**नोट :** यस विकास बैंकको शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एकस्चेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूची मार्फत प्राप्त गर्न सकिने छ ।

चालु आर्थिक वर्ष २०७३।७४ को पछिल्लो ३ महिनामा भएको शेयर कारोवारको विवरण

| महिना | अधिकतम शेयर मूल्य (रु.) | न्यनतम शेयर मूल्य (रु.) | अन्तिम शेयर मूल्य (रु.) | शेयर कारोवार संख्या (हजारमा) |
|---|---|---|---|---|
| बैशाख | २२६ | १७७ | २१८ | ४९.७३ |
| जेठ | २२२ | १९२ | २१८ | १४.९१ |
| असार | २२२ | १८७ | २०२ | १३.८५८ |

**नोट :** यस वित्तीय संस्थाको शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एकस्चेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूची मार्फत प्राप्त गर्न सकिने छ ।

**अन्य विवरण :**

**(क) धितोपत्र सिडिएसमा दर्ता गर्ने सम्वन्धमा :**
नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र साविक शेयरधनीहरुमा निष्कासन भई बाँडफाँट भए पश्चात सिडिएसमा दर्ता गराई धितोपत्र अभौतिक रुपमा समेत उपलब्ध गराई धितोपत्रको कारोवार तथा राफसाफको कारवाही अगाडि बढाउने कार्य गर्ने छ ।

**(ख)** धितोपत्र निष्कासनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरण लगानीकर्ताहरुले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णय ( informed decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु निष्कासन तथा विक्री प्रवन्धकको website: www.globalimecapital.com मा राख्ने व्यवस्था गरिनेछ ।

**(ग)** धितोपत्र बोर्डबाट स्वीकृत भएको विवरण सार्वजनिक निष्कासनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइने छ ।

**(च)** **यस “हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालकहरुको नाम, दस्तखत :**

| क.सं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री अम्बिका प्रसाद पौडेल | अध्यक्ष | |
| २ | श्री नवराज नेपाल | सञ्चालक | |
| ३ | श्री प्रकाश तिवारी | सञ्चालक | |
| ४ | श्री लिलानाथ ढकाल | सञ्चालक | |

**(छ)** **निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै “हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सहि देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो “हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु” स्वीकृतीका लागि नेपाल धितोपत्र वोर्डमा धितोपत्र सम्वन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

मिति : २०७४/०१/१०

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर ।

**बिषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।**

महोदय,

सुनसरी जिल्ला, धरान उप-महानगरपालिका, वार्ड नं. ६, सुनसरी, नेपाल रजिष्टर्ड कार्यालय रहेको श्री अरुण फाइनान्स लिमिटेडको हकप्रद शेयर निष्काशन गर्न लागेको (१ : १) बरावरको रु.१००।– अङ्कित दरका १५,००,००० थान हकप्रद साधारण शेयर निष्कासन तथा बिक्री प्रबन्धकको रूपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । हकप्रद साधारण शेयर निष्कासन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार हकप्रद साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्कासन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको विवरण-पत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरूलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको बिश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो बिचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।
४. कम्पनीले निष्कासन गर्न लागेको हकप्रद साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरण-पत्र तथा दरखास्त फारम सरल तरिकाबाट बितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरूप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक :

ग्लोबल आइएमई क्यापीटल लिमिटेडको तर्फबाट
नाम : पारसमणि ढकाल
पद: प्रमुख कार्यकारी अधिकृत
सही :
कार्यालयको छाप